जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजविराज

मितिः २०७५।०३।०१

# श्री जिल्ला प्रशासन कार्यालय, सप्तरीको सूचना !!!

संस्था दर्ता ऐन २०३४ बमोजिम यस कार्यालयमा दर्ता भएका र विगत तीन वर्ष सम्म नविकरण नभएका संस्थाहरुले आवश्यक प्रकृया पुरा गरी देहाय अनुसारका कागज प्रमाणहरु समेत पेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भीत्र नविकरण गराइसक्नु हुन सूचित गरिन्छ। तोकिएको समय अवधी भीत्र नविकरण नगर्ने सबै संस्थाहरुको दर्ता खारेजीको प्रकृया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

देहायः

१. नविकरण हुन बाँकी भएको अवधीको आर्थिक विवरण, लेखा परिक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाण।

२. कार्य समितिका पदाधिकारी र कर्मचारीको सम्पत्ति विवरण।

३. यसभन्दा अगाडी एक भन्दा बढी क्षेत्रमा काम गर्ने भनि उद्देश्य राखिएका संस्थाहरुले आवश्यक प्रकृया पूरा गरी एक क्षेत्रमा मात्र कार्य गर्ने गरी उद्देश्य संसोधन गरेको प्रमाण।

४. अन्तिम साधारण सभाको वैठकको निर्णय र कार्य समितिको नामावली।

५. सम्बन्धित स्थानीय तहको सिफारिस। ( गाउँपालिका / नगरपालिका )

**नोटः प्रत्येक चार महिनामा अनिवार्य रुपमा चौमासिक प्रगती विवरण पेश गर्नुपर्ने।**

२०७५।३।१

सहायक प्रमुख जिल्ला अधिकारी